आज मिति २०७६।०७।१४ गते विहिवारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निम वहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाँउकार्यपालिकाको वैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा तपसिल वमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल भै देहाय वमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| | |
|---|---|
| १. श्री निम वहादुर के.सी. | अध्यक्ष |
| २. श्री टिका शर्मा वली | उपाध्यक्ष |
| ३. श्री बसुन्धरा पुन | प्रमुख प्रशासकिय अधिकृत |
| ३. श्री पुतला खडका रोकाय | वडा नं. १ का.वा. वडा अध्यक्ष |
| ४.श्री डिल्ली वहादुर के.सी. | वडा नं. २ वडा अध्यक्ष |
| ५.श्री सेतिराम रोकाहा | वडा नं.३ वडा अध्यक्ष |
| ६.श्री चन्द्र वहादुर रावत | वडा नं. ४ वडा अध्यक्ष |
| ७.श्री राम वहादुर के.सी. | वडा नं. ५ वडा अध्यक्ष |
| ८.श्री दुर्गा वहादुर मल्ल | वडा नं. ६ वडा अध्यक्ष |
| ९.श्री अमृता कामी | कार्यपालिका सदस्य |
| १०.श्री सन्ताराम कामी | कार्यपालिका सदस्य |
| ११.श्री मञ्जु शाही | कार्यपालिका सदस्य |
| १२.श्री जुना मल्ल चन्द | कार्यपालिका सदस्य |
| १३.श्री देवी खत्री | कार्यपालिका सदस्य |
| १४.श्री धनिराम नेपाली | कार्यपालिका सदस्य |
| १५. श्री इन्द्र वहादुर भण्डारी | कानुनी सल्लाहकार |
| १६. श्री खुम वहादुर के.सी. | नायब सुब्बा |
| १७. श्री किरण गौतम | रोजगार संयोजक |

**छलफल गरिएका विषयहरु / प्रस्तावहरु**

१. बिजुली बत्ती उद्घाटन कार्यक्रम सम्वन्धमा ।

२. मुख्यमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्बन्धमा ।

३.हेलिप्याड निर्माण तथा विपद व्यवस्थापन तालिम सम्वन्धमा

४.इलाका प्रहरी कार्यालयलाई इन्धन तथा कार्पेट उपलब्ध गराउने सम्वन्धमा ।

५.सडक मर्मत तथा निर्माण कार्यतालिका सम्वन्धमा ।

६.करार कर्मचारी विज्ञापन सम्वन्धमा ।

७.जे.सि.वि.ड्राइभर र हेल्परको पारिश्रमिक तथा भत्ता सम्वन्धमा ।

**निर्णयहरु :**

१. **प्रस्ताव नं. १** माथि व्यापक छलफल गर्दा यस दार्मा गाउँपालिकाको केन्द्र फारुलाचौरमा पहिलो पटक बिजुली पुगेको अवसरमा मिति २०७६।०७।२० गते माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री श्री वर्षमान पुनज्यूको प्रमुख आतिथ्यतामा विद्युत उद्घाटन गर्ने निर्णय पारित गरियो ।

२. **प्रस्ताव नं. २** माथि छलफल गर्दा कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि यस गाउँपालिकाका वडाहरुमा तपसिल बमोजिमका योजनाहरु छनौट गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने निर्णय गरियो ।

| क. सं. | वडा नं. | योजनाको नाम | अमुमानित बजेट | लाभग्राही घरधुरी संख्या | अनुमानित रोजगारीको दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १ | फारुला-दार्माकोट सडक स्तरोन्नति | २५ लाख | ३५० | २५०० दिन | |
| २. | २ | फारुला-चैतेखोला-सिलिङे सडक स्तरोन्नति | २२ लाख | १५० | २२०० दिन | |
| ३. | ३ | चैतेखोला-सोताखेत-भातमारे सिचाई नहर निर्माण | २२ लाख | ८० | २२०० दिन | |
| ४. | ४ | दुईखोली-सिडारीकोट-रागेडाँडा सिचाई नहर निर्माण | २५ लाख | १२५ | २५०० दिन | |
| ५. | ५ | त्रिवेणी-पातीहाल्ना-लयँटा सडक स्तरोन्नति | २० लाख | ९० | २००० दिन | |
| ६. | ६ | ताउले रह-सौरे डाँडा सिचाई नहर निर्माण | २५ लाख | १२५ | २५०० दिन | |
| जम्मा | | | १ करोड ३९ लाख | ९२० | १३,९०० दिन | |

**३. प्रस्ताव नं. ३** माथि व्यापक छलफल गर्दा यस दार्मागाउँपालिकामा प्रकोप, विपद तथा राहत लाई मध्यनजर गरी यस दार्मा गाउँपालिका वडा नं. २ र ३ मा रहेको दार्मा टाकुरीमा हेलिप्याड निर्माण गर्ने निर्णय गरियो साथै सो को लागी रु.एक लाख पचास हजार रकम विविध कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

**४. प्रस्ताव नं. ४ :** माथि व्यापक छलफल गर्दा इलाका प्रहरी कार्यालय फारुलाचौरलाई सवारी साधन सञ्चालनको लागी मासिक रुपमा २५ लिटर इन्धन उपलब्ध गराउने साथै माग फाराम अनुसार कार्पेट उपलब्ध गराउने निर्णय पारित गरियो ।

**५. प्रस्ताव नं. ५** : माथि व्यापक छलफल गर्दा तपशिल वमोजिमका सडक निर्माण तथा मर्मत गर्न गाउँपालिकाको जे.सि.बि. प्रयोग गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**तपशिल :**

**वडा नं. १** : सिमलपुर- मौलेखाली सडक मर्मत, मैदान- पैयाडाँडा- भदालेखोला सडक मर्मत, मैदान- ढाँकीवारा- सिलिङ्गी सडक निर्माण